# भवानी भिक्षुको 'माधुरी नानी' कथामा प्रभुत्व

राजु भुसाल

नेपाली विभाग, बुटवल बहुमुखी क्याम्पस

**लेखसार**

प्रस्तुत लेखमा इटालेली चिन्तक ग्राम्ची र उनको सांस्कृतिक प्रभुत्वसम्बन्धी मान्यताका दृष्टिले भवानी भिक्षुद्वारा लेखिएको माधुरी नानी कथाको विश्लेषण गरिएको छ । प्रभुत्व कुनै पनि वर्गको राजनैतिक संस्कृति हो, जसको उपभोग अर्को वर्गलाई सम्झाएर, बुझाएर उसको सहमति लिनाका लागि गरिन्छ । ग्राम्चीले शासक वर्गले शासित वर्गमाथि कसरी आफ्नो नियन्त्रण राख्दछन् भन्ने सन्दर्भमा राखेको विचार राजनैतिक र सांस्कृतिक क्षेत्रमा चर्चित छन् र यसमा सोसम्बन्धी विश्लेषण गरिएको छ । समाज परिवर्तनमा नागरिक समाज र बुद्धिजीवी वर्गको अहम् भूमिका हुन्छ भन्ने ग्राम्चीको मान्यता रहेको छ । यस कार्यपत्रमा समाजमा नागरिक समाज र बुद्धिजीवी वर्गको भूमिकाको विश्लेषण गर्दै नागरिक समाज र बुद्धिजीवी वर्ग प्रभुत्शाली वर्ग या पुँजीपति वर्गकै हितका लागि कसरी काम गर्छन् भन्ने कुरा भवानी भिक्षुद्वारा लेखिएको माधुरी नानी कथालाई माध्यम विश्लेषण गरिएको छ । यसमा वर्गीय दृष्टिले उच्च वर्गीय संस्कृति तथा सामन्ती संस्कार भएको राजा साहेबको, लैङ्गिक दृष्टिले पुरुषको तथा जातीय दृष्टिले पनि उच्च संस्कृति भएको राजा साहेबका लोग्नेस्वास्नीले प्रभुत्व कायम गरेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी:* राजनीतिक हैकम, सांस्कृतिक प्रभुत्व, राजनीतिक समाज, बुर्जुवा वर्ग, पुँजीपति वर्ग र कल्याणकारी राज्य ।

## भवानी भिक्षुको 'माधुरी नानी' कथामा प्रभुत्व

भवानी भिक्षु (१९६६–२०३८) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । यिनको कथायात्रा अनौपचारिक रूपमा वि.सं. १९९३ मा थालिएको भए तापनि १९९५ सालको *शारदा* पत्रिकामा प्रकाशित 'मानव' कथाबाट यिनको औपचारिक कथायात्रा प्रारम्भ भएको मानिन्छ । भिक्षुका *मैयाँसाहेब (२०१७), गुनकेसरी (२०१७), आवर्त (२०२३) र अवान्तर (२०३४)* गरी चारओटा कथासङ्ग्रह प्रकाशित छन् । गुरुप्रसाद मैनालीको 'नासो' (*शारदा,* १९९२) कथाबाट प्रारम्भ भएको आधुनिक नेपाली कथाको विकासमा महत्वपूर्ण योगदान दिएका भिक्षुले विश्वेश्वरप्रसाद कोइरालाद्वारा नेपाली कथासाहित्यमा भित्र्याइएको मनोवैज्ञानिक यथार्थको परम्परालाई अझै सशक्त बनाउने काम गरे । यिनी मूलतः मनोवैज्ञानिक कथाकार हुन् भने यिनका सामाजिक, आञ्चलिक तथा राजनैतिक विषयमा लेखिएका कथाहरू पनि प्रकाशित छन् । भिक्षुका कथाहरू सामाजिक, यौनिक, आर्थिक तथा राजनैतिक समस्यामा पनि केन्द्रित छन् । सुरुमा यौन र प्रेमलाई कथाको विषयवस्तु बनाउने भिक्षुले पछिल्ला कथामा सामाजिक, राजनैतिक विषयवस्तुलार्य आधार बनाएको पाइन्छ ।

संस्कृति मानवीय जीवनको समग्र पद्धति हो । समाज र सामाजिक व्यवस्थाअनुसार संस्कृतिको निर्माण हुने भएकाले हरेक समाजमा फरकफरक किसिमको संस्कृतिको निर्माण हुन्छ । सांस्कृतिक संरचनाभित्र मान्छे र उसको व्यवहार, आचरण तथा जीवन भोगाइहरू पर्दछन् । कुनै पनि समाजमा देखिने वर्गीय, लैङ्गिक र जातीय प्रभुत्व तथा तिनमा देखिने असमानता तथा विभेद पनि संस्कृतिअन्तर्गत नै पर्दछन् । भिक्षुका कथामा पनि तत्कालीन नेपाली समाजमा विद्यमान सांस्कृतिक व्यवहारहरू प्रतिबिम्बित छन् । समाजमा उच्च वर्गका व्यक्तिले तल्लो वर्गका व्यक्तिलाई, एउटा लिङ्गीले अर्को लिङ्गीलाई तथा कथित उपल्लो जातिले तल्लो जातिमाथि हैकम जमाइरहेका हुन्छन् । यो हैकम वा प्रभुत्व अर्को जातिले थाहा नपाइकन वा उसको सहमतिमा चलिरहेको हुन्छ । संमाजमा विद्यमान यसप्रकारको संस्कृति भिक्षुको 'माधुरी नानी' कथामा पनि

पाइन्छ । प्रस्तुत कार्यपत्रमा यस कथाको सांस्कृतिक प्रभुत्वका दृष्टिले विश्लेषण गर्नाका लागि निश्चित किसिमको विश्लेषणको ढाँचा तयार पारिएको छ र सोही आधारमा विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

भवानी भिक्षुको 'माधुरी नानी' कथामा प्रस्तुत भएको सांस्कतिक प्रभुत्वको अध्ययन गर्नाका लागि पुस्तकालयबाट सामग्री सङ्कलन गरी विश्लेषणात्मक विधिबाट त्यसको अनुशीलन गरिएको छ । पाठपरक अध्ययन गरी विश्लेषण गरिएकाले प्रस्तुत लेख वस्तुपरक प्रकृतिको रहेको छ । यस सन्दर्भमा भिक्षुको 'माधुरी नानी' कथाको विश्लेषण गर्नाका लागि एन्टोनियो ग्राम्चीको *प्रभुत्वसम्बन्धी अवधारणा*का साथै उनले *नागरिक समाज र बुद्धिजीवी*का सन्दर्भमा गरेको व्याख्याको निरूपण पनि गरिएको छ । त्यसका लागि पनि पुस्तकालयीय स्रोतलाई नै आधार बनाइएको छ ।

### ग्राम्चीको प्रभुत्वसम्बन्धी मान्यता

ग्राम्सी (१८९१-१९३७) महत्त्वपूर्ण सिद्धान्तकार हुनाका साथै मार्क्सवादका मूर्धन्य विचारक पनि हुन् । यसका अतिरिक्त यिनी एक प्रतिभाशाली पत्रकार, राजनीतिक व्यक्तित्व र इटाली साम्यवादी दलका सक्रिय नेता पनि हुन् । ग्राम्सीले इटालीको जेलमा रहेको बेलामा लेखेको नोटबुकलाई प्रिजन नोटबुक भनिन्छ । यिनका प्रमुख कृतिहरूमा *द मोर्डन प्रिंस एण्ड अदर राइटिंग (सन् १९५९), सेलेक्सन फ्रम द प्रिजन नोटबुक ( १९७१), सेलेक्सन फ्रम पोलिटिकल राइटिंग (१९७७)* पर्दछन् । यिनले सिद्धान्तकारका रूपमा ख्याति प्राप्त गर्ने अवसर *सेलेक्सन फ्रम द प्रिजन नोटबुक* पुस्तकबाट पाए । पुँजीवाद, बुद्धिजीवी, प्रभुत्व (हेजेमोनी), नागरिक समाज आदिका सम्बन्धमा ग्राम्सीले महत्त्वपूर्ण विचार राखेका छन् र यिनका यी मान्यताका आधारमा साहित्यिक कृतिहरूको विश्लेषण गर्ने गरिन्छ । यहाँ ग्राम्चीको प्रभुत्वसम्बन्धी मान्यताका आधारमा भिक्षुको 'माधुरी नानी' कथाको विश्लेषण गरिएको छ ।

राजनीति र प्रयोगका सन्दर्भमा प्रभुत्व नयाँ शब्द हो । अङ्ग्रेजीको 'हेजेमोनी' शब्दलाई नेपालीमा 'प्रभुत्व' भनिएको हो ( भट्टराई, २०७०, पृ. ३४३) । 'हेजेमोनी'को नेपाली अर्थ 'प्रभुत्व' वा 'आधिपत्य' पनि हुन्छ । यसको अर्थ नेतृत्व अथवा शासन हो र यसको सम्बन्ध व्यक्तिसितभन्दा राज्यसित जोडिएको छ । ग्रिक 'हेगेमोन'बाट व्युत्पत्ति यस शब्दको अर्थ 'नेता', 'निर्देशक', वा 'शासक' भन्ने पनि हुन्छ ( भट्टराई, २०७०, पृ. ३४४) । 'एउटा वर्गले अर्कोमा प्रभुत्व जमाउनु 'हेगेमोनी' हो, 'हैकम' हो' ( गौतम, २०७५ पृ. ४३) । खासगरेर १९ औँ शताब्दीदेखि यसलाई शक्तिशाली कुनै राज्यले अर्को कुनै राज्यमाथि राजनीतिक हैकम कायम गर्ने सन्दर्भमा गर्न थालियो ( बराल, २०७३, पृ. १००) । क्रमशः यस शब्दलाई बलपूर्वक कुनै वस्तुमाथि आफ्नो प्रभाव कायम गर्ने अर्थमा लिन थालियो । प्रभुत्व शब्दलाई ग्राम्सीले आधार र उपरिसंरचनासम्बन्धी धारणा व्यक्त गर्ने क्रममा प्रयोग गरेका छन् र यससम्बन्धी उनको धारणालाई कतिपयले 'सांस्कृतिक प्रभुत्व' को अवधारणा पनि भनेका छन् (बराल, २०७३, पृ.९८) । प्रभुत्वशाली वर्गले आफ्नो प्रभुत्वका निम्ति वैधता कसरी प्राप्त गर्छ भन्ने कुराको विश्लेषण गर्ने सन्दर्भमै ग्राम्सीले प्रभुत्वसम्बन्धी अवधारणा अगाडि सारेका थिए (गिरी, २०७४, पृ.२४२) । ग्राम्सीको प्रभुत्वसम्बन्धी अवधारणा ब्रिटिस सांस्कृतिक अध्ययनको सैद्धान्तिक आधार हो ।

कुनै पनि देश वा समाजभित्र सत्ता कसरी चल्छ, त्यसको व्याख्या प्रभुत्वमा गरिन्छ । जतिबेला पुँजीवादी देशभित्र वर्गसङ्घर्ष तीव्र थियो, त्यहाँ क्रान्ति किन भएन ? किन त्यहाँका मजदुर वर्ग क्रान्तिकारी बन्न सकेनन् ? किन त्यहाँका मजदूर वर्ग सन्तुष्ट छन् ? किन त्यहाँका मजदूर वर्ग सन्तुष्ट रहे र क्रान्तिप्रति प्रेरित भएनन् ? किन जहाँ ज्यादा पुँजीवाद छ, त्यहाँ बढी शोषण हुन्छ ? यी सारा समस्याको उत्तर ग्राम्सीको प्रभुत्वमा गरे । पुँजीवादी देशमा क्रान्ति नहुनुको कारण शासक वर्गले शासित वर्गमाथि यस्ता यस्तो भ्रम सिर्जना गर्छन् कि शोषित वर्गले आफूहरू शोषित भएकै थाहा पाउन्नन् । प्रभुत्वशाली वर्गले आफ्नो वर्चस्वको अक्षुण्णताका लागि वैधानिक रूपमै यस्तो सहमति निर्माण गर्छन् जसलाई शासितहरू सहज, स्वाभाविक र वैध

रूपमा लिन्छन् (गिरी, २०७४, पृ. २२४) । अनि शोषित वर्गले शासकहरूले हामीप्रति गरेको व्यवहार ठिक छ, हामी अन्यायमा परेका छैनौँ भन्ने सम्झन्छन् । पुँजीपति वर्गले यसको उपयोग अर्को वर्गलाई सम्झाएर, बुझाएर उसको सहमति लिनाका लागि गर्छन् (सिंह र सिंह, सन् २०१६, पृ. ८७) । यसरी वर्चस्वसम्बन्धी ग्राम्सीको अवधारणा यही सहमतिसँग सम्बन्धित छ । विचारधारालाई माध्यम बनाएर प्रभुत्व सपना गर्ने कुरासँग सम्बन्धित छ । शासक वर्गले प्रभुत्व निर्माण गर्ने सन्दर्भमा विद्यालय, विश्वविद्यालय, धर्मसभा, साहित्य, कला, सङ्गीत आदि शक्तिशाली माध्यमका रूपमा प्रयोग गर्छन् र सबैले त्यसमाथि विश्वास गर्छन् । ग्राम्चीका दृष्टिमा शासक वर्गले हिंसा वा बलका आधारमा राज्यका सबै पक्ष र खास गरी तल्लो वर्गलाई नियन्त्रण गर्न सक्दैनन् । ट्रेड युनियनहरूको विकास तथा अन्य दबाबका कारण शासक वर्गले नागरिक अधिकार बढाउँछ, शैक्षिक सुविधाहरू प्रदान गर्न र शासनलाई सहमतिका आधारमा सञ्चालन गर्ने आधार तय गर्छ ( भट्टराई, २०७०, पृ. ३४४) । वास्तवमा यो सत्ताधारी वर्गले मजदुर वर्गलाई सहमतिमा लिनाका लागि व्यवहारमा ल्याइने संस्कृति हो । बरु, एउटा यस्तो अवस्थाको निर्माण हुन्छ जतिबेला श्रमिकहरू हामी शोषित भएका, ठगिएका वा लुटिएका छौँ भन्ने थाहा पाउँदैनन् । पुँजीपतिले लिएको अतिरिक्त मूल्य पनि उनीहरूको अधिकारै हो भन्ने उनीहरू ठान्छन् ( पाण्डेय, २०७०, पृ. १७९) । यसरी प्रभुत्वका आधारमा बाहिरबाट समाजभित्र हेर्दा शान्ति देखिन्छ । यसको मूल कारण समाजभित्रका मान्छेमा झुठो चेतना भरिएर हो त्यसका आधारमा शासन गरिन्छ । त्यसपछि जनताहरूले क्रान्तिको कुनै आवश्यकता छैन भन्ने मान्दछन् र आआफ्नो काम गर्छन् । यसैका आधारमा पुँजीवादी समाजभित्र सत्ताधारी वर्गले मजदुर वर्गप्रति शासन गर्छन् । त्यो शासन गुण्डागर्दी, हिंसा, मारकुटाई, पुलिस, लाठी, जेल आदिका आधारमा नभएर सहमतिका आधारमा हुन्छ । पुँजीपति वर्गले शासन हिंसाका आधारमा नगरेर मान्छेको विचार र दिमाखलाई सम्झाएर सांस्कृतिक रूपमा बदलेर गर्दछ । यसरी शासक वर्गले शासन आफ्नो नैतिकताका आधारमा सम्झाएर गर्दछ या उसको दिमाख परिवर्तन गरेर गर्दछ भन्ने विचार ग्राम्चीको रहेको छ । यसरी प्रभुत्वशाली वर्गले जनतालाई आफ्नो

संस्कृतिमा ढालेर या प्रारम्भदेखि अन्तिमसम्म प्रभावमा पारेर या नियन्त्रणमा लिएर शासन गर्न सक्छ । यसका लागि उसले नागरिक समाजको प्रयोग गर्छ भन्ने मान्यता ग्राम्चीको रहेको छ ।

अतः प्रभुत्व भनेको एउटा वर्गले अर्को वर्गलाई उनीहरूले थाहा नपाउने तरिकाले वा उनीहरूको सहमति लिएर गर्ने हैकम वा शासन हो । यो जबरजस्ती वा मार कुटाईसँग सम्बन्धित नभएर वार्ता वा सहमतिसँग सम्बन्धित हुन्छ र उन्नत वा पुँजीपति देशहरूमा यसैका आधारमा शासन चल्छ भन्ने कुराको व्याख्या ग्राम्चीले प्रभुत्वको व्याख्या गर्ने सन्दर्भमा गरेका छन् ।

**ग्राम्चीको नागरिक समाजसम्बन्धी मान्यता**

आजको प्रजातान्त्रिक शासन पद्धतिले नागरिक समाजलाई महत्त्व दिएको छ । ग्राम्चीले सांस्कृतिक चिन्तनका सन्दर्भमा 'नागरिक समाज'को अवधारणा अघि सारेका छन् र संस्कृतिको निर्मितिमा पाइने संस्थागत स्वरूपअन्तर्गत नागरिक समाजलाई राखेका छन् (भट्टराई, २०७७क, पृ. ३३) । आज सबैतिर राज्यको शक्ति घटाएर नागरिक समाजलाई शक्ति दिनुपर्छ भनेर आवाज पनि उठेको छ ।

ग्राम्सीले नागरिक समाजले राज्यभित्र सांस्कृतिक र वैचारिक संस्कृतिको निर्माण गर्छ भन्ने मान्यता राखेका छन् । नागरिक समाजले परिवार, धार्मिक संस्था र पाठशालालाई शासकवर्गप्रति स्वभाविक रूपमा आदरको भाव राख्नुपर्छ भन्ने शिक्षा दिन्छ भन्ने मान्यता ग्राम्चीको रहेको छ (गाबा, सन् २०१९, पृ. ३०३) । पुँजीवादी समाजमा नागरिक समाजअन्तर्गत बुद्धिजीवी, प्रेस, सञ्चार, रेडियो, टेलिभिजन, परिवार, शैक्षिक संस्था, स्कुल, कलेज, ट्रेड युनियन, धार्मिक संस्था,चर्च आदि पर्दछन् । नागरिक समाजमा कानुन, अदालत, नोकरशाही, धार्मिक शैक्षिक संस्था आदिबाट प्रभुत्वशाली वर्गको विचारधाराले स्थापत्य प्राप्त गर्छ ( पाण्डेय, २०७०, पृ. १७९) । नागरिक समाजले समाजमा यस्तो संस्कृतिको निर्माण गर्छन् जुन पुँजीपति वर्गको हितमा हुन्छ र मजदूर वर्गलाई नियन्त्रणमा राख्छ । धनी र गरिब प्रकृतिले बनाएका हुन्; यो एउटा विचार हो; धनीले जहिले पनि गरिब वर्गको हितमा काम गर्छ; त्यसैले उसले गरिबलाई तलब दिन्छ । राज्य एक कल्याणकारी

संस्था हो । विरोध गर्नु, हिंसा गर्नु नराम्रो काम हो । धर्मको कुरा गर । चोरी गर्नु पाप हो; सम्पत्ति मिहिनेतले कमाइन्छ । असल मान्छे लड्दैन; विरोध गर्दैन; सहेर बस्छजस्ता भावना नागरिक समाजले समाजमा स्थापना गरेको हुन्छ । यसरी नै नागरिक समाजका बुद्धिजीवीहरूले वर्चस्व निर्माण गरेको अवस्थामा शासक वर्गले सफलतापूर्वक सामाजिक समाजका संयन्त्रद्वारा शासन गर्छन् भन्ने मान्यता ग्राम्चीको रहेको छ (भट्टराई, २०७७क, पृ. ३४) । अनि मात्र शासितहरू शासित भइरहन स्वीकार गर्छन् र त्यसप्रति सहमतिमा पुग्छन् ( पाण्डेय, २०७०, पृ. १७९) । यी तमाम यस्ता सांस्कृतिक विचार हुन् जुन एक पुँजीवादी समाजअन्तर्गत व्यापकरूपमा जरा गाडेर बसेका हुन्छन् । यस्ता कुरा स्थापना हुनुका पछाडि नागरिक समाजको भूमिका छ भन्ने मान्यता ग्राम्चीको रहेको छ । यसरी वर्गलाई महत्त्व दिँदादिँदै पनि समाजमा रहेको असमानताका अन्य पक्षलाई सम्बोधन गर्नुपर्ने सांस्कृतिक मान्यताको व्याख्याका क्रममा ग्राम्चीले नागरिक समाजको अवधारणा प्रस्तुत गरेका छन् (भट्टराई, २०७७क, पृ. ३२) ।

नागरिक समाजमा परिवारलाई महत्त्वपूर्ण आधार मानिन्छ । परिवारले मानिसलाई दुनियाँमा जेसुकै होस्, तिमीलाई केही लिनु दिनु छैन; युद्धमा भाग नलिग; तिमी किन झगडा गर्छौ ? स्कुल जाऊ; फर्केर आऊ; भन्ने कुरा सिकाउँछ । नागरिक समाजले यस प्रकारका विचार मजदूर वर्गको दिमागमा भरिदिन्छ । यी र यस्ता प्रशस्त झुठा चेतनाले चलेर नागरिकहरूले आफ्नो इच्छाले राज्यको आज्ञा पालन गर्छन् । नागरिक समाजका विभिन्न संस्थाले एउटा यस्तो परिस्थितिको सिर्जना गर्छन्, वातावरणको सिर्जना गर्छन् ( सांस्कृतिक वातावरण ) जुन कुरा अर्को वर्गका मान्छे जो शोषित छन्, तिनीहरूले आफू शोषित भएको बुझ्दैनन्, उनीहरूको संस्कृतिबाट प्रभावित हुन्छन् र उनीहरूले भने अनुसार आज्ञा पालन गर्छन् । क्रान्तिकारिताको शक्तिलाई भुलेर बस्छन्; क्रान्ति गर्नुपर्ने आवश्यकता विर्सन्छन् । यसैलाई ग्राम्चीले हेजोमोनी भन्छन् ।

समाजको संरचनात्मक परिवर्तन हुनुमा केवल आर्थिक कारणमात्र हुदैन राजनीतिक र हेजोमोनी अर्थात् प्रभुत्वको कारण पनि महत्त्वपूर्ण हुन्छ । अर्को शब्दमा भन्दा परिवर्तन गैर आर्थिक कारणबाट पनि हुन्छ

( दोषी, सन् २०१०, पृ. ४४३) । भन्ने मान्यता ग्राम्चीको रहेको छ । उनी भन्छन् : धनी र गरिबका सन्दर्भमा आर्थिक आधार महत्त्वपूर्ण छ तर यस सँगसँगै सांस्कृतिक मुद्दा पनि महत्त्वपूर्ण छ । राज्यमात्र महत्त्वपूर्ण छैन, नागरिक समाज पनि महत्त्वपूर्ण छ । राज्यलाई मात्र महत्त्व दिनु हुँदैन । 'निश्चय पनि पुँजीपति वर्गलाई शासन गर्न राज्य महत्त्वपूर्ण हुन्छ तर पुँजीपति वर्गले दण्ड, सजाय, पुलिस फोर्स आदिबाट मात्र राज्य सञ्चालन गर्दैन, उसलाई राज्य सञ्चालन गर्न सहमति पनि आवश्यक छ भन्ने धारणा ग्राम्चीको छ' (दोषी, सन् २०१०, पृ. ४४३) । राज्यको आधार सहमति हो । यो सहमति नागरिक समाजले सामाजिक संस्थाहरूको माध्यमले खडा गर्छ । यी नागरिक समाज बाहिरी रूपमा देखिन्नन्, सत्तामा पनि आधारित छैनन्, हिंसामा पनि आधारित छैनन् तर ती सहमति वा मित्रतामा आधारित छन् तर पनि अप्रत्यक्षरूपमा यिनले शक्तिशाली वर्गको अधिपत्य र संस्कृतिको निर्माण  गर्छन् । यिनले विरोधलाई सहमतिमा बदल्छन् । यही प्रभुत्वका कारणले पुँजीपति समाजको मान्छेको दिमागमा के आउँछ भने यो कल्याणकारी राज्य हो, यो राज्य हाम्रो हो, यो प्रजातन्त्र हो, सच्चा प्रजातन्त्र हो, भोट हाल्ने अधिकार हामीलाई दिइएको छ, हामी राजनीतिमा बराबरी छौँ । यसप्रकारको भावना सामान्य वर्गमा गरिन्छ, यो पैदा गर्ने पूरापूरा अधिकार नै हेजोमोनी हो । नागरिक समाजले यसप्रकारको हेजेमोनी तयार गर्छ । हेजोमोनी यस्तो किसिमको शासन व्यवस्था हो, जुन सांस्कृतिक र वैचारिक आधारमा स्थापित हुन्छ । यसमा हिंसा र हत्याको कुनै स्थान छैन । जसमा सहमति नै सबैभन्दा महत्त्वपूर्ण हुन्छ । यसमा वर्गसङ्घर्षको कुरा झुठा हो भनेर मान्छेलाई बताइन्छ । वर्गवर्गमा सामञ्जस्यता हुनुपर्छ, कुनै पनि कुरामा एकोहोरो तरिकाले पुँजीपति वर्गको हस्तक्षेप हुँदैन, उनीहरूले पनि आफ्नो भूमिका निभाएका छन्, तिमीहरूले पनि आफ्नो भूमिका निर्वाह गरेका छौ भन्ने भावना निर्माण गरिन्छ । यसप्रकारको हेजोमोनी निर्माणमा नागरिक समाजको महत्वपूर्ण भूमिका हुन्छ भन्न मान्यता ग्राम्चीको रहेको छ ।

**ग्राम्चीको बुद्धिजीवीसम्बन्धी मान्यता**

ग्राम्चीले प्रभुत्व निर्माण गर्ने मान्छेलाई बुद्धिजीवी भन्छन् । यिनले आफ्नो प्रिजन नोटबुकमा बुद्धिजीवीका बारेमा पनि चर्चा गरेका छन् । उनका विचारमा समाजमा उच्चस्तरीय क्षमता भएको मान्छे एवम् व्यक्ति जसले समाजलाई निर्देशित गर्छ, त्यो बुद्धिजीवी हो । बुद्धिजीवीहरू सामाजिक समूहहरूसँग गाँसिएका हुन्छन् (ग्राम्ची, २०७२, पृ. १२९) । बुद्धिजीवी उत्पादन, सांस्कृतिक, राजनीति एवम् प्रशासनिक गतिविधिसँग सम्बन्धित हुन्छन् । समाजवादी देशमा बुद्धिजीवी वर्गले कसरी काम गर्छन् र पुँजीवादी देशमा बुद्धिजीवीले कसरी काम गर्छन् भन्ने सन्दर्भमा पनि ग्राम्चीले चर्चा गरेका छन् । 'सत्तानिकटका बुद्धिजीवी, नागरिक समाज र प्रतिनिधित्वले कस्तो विश्वास सिर्जना गर्छन् भने मानौँ राज्य तटस्थ छ, दमनकारी छैन । परिस्थितिहरू सहज, सामान्य र स्वाभाविक छन् । जे भइरहेको छ, सब ठीक छ भनेर तिनले एकप्रकारले कन्भिन्स गर्छन् (पाण्डेय, २०७३, पृ. ६५) । बुद्धिजीवीहरू प्रभुत्वशाली समूहका प्रतिनिधिहरू हुन्, जसले सामाजिक प्रभुत्व र राजनीतिक शासनसित सम्बद्ध कार्यहरूमा सहायक भूमिका खेल्छन् (बराल, २०७३, पृ. ९९) । बुद्धिजीवी वर्गले धनी वर्गको हितका लागि यसरी नियम बनाउँछन् जसलाई सामान्य मानिसले ठीक सम्झन्छन् । बुद्धिजीवी वर्गको काम पुँजीपति वर्गको हितका निम्ति बनाइएको नियमको सहमति लिनु नै हो भन्ने दृष्टिकोण ग्राम्चीको रहेको छ । सामान्य मान्छले त्यसलाई किन समर्थन गरिहाल्छन् भने बुद्धिजीवीले पनि सामान्य मान्छेले जस्तै कपडा लगाउँछन्, व्यवहार गर्छन्, खाना खान्छन् भन्ने दृष्टिकोण ग्राम्चीको रहेको छ । बुद्धिजीवी वर्गको मूलतः दुईवटा काम हुन्छ- पहिलो जनतालाई गुमराहमा राखी सरकार बनाउनु र दोस्रो पुँजीपति वर्गको फाइदाका निम्ति नीति बनाउनु । ग्राम्ची भन्छन्–हरेक व्यक्ति दार्शनिक हुन्छ किनभने हरेक व्यक्तिले आफ्नो बारेमा पहिला सोच्छ र त्यसपछि राज्यको बारेमा सोच्छ र चिन्तन गर्छ । त्यसमा पनि बुद्धिजीवी त्यो हो जसले आफ्नो दर्शनको आधारमा सङ्गठन बनाउँछ भन्ने दृष्टिकोण ग्राम्चीको रहेको छ । बुद्धिजीवीले सङ्गठन बनाउने, सङ्गठनलाई निर्देशन दिने र आफ्नो वर्गको प्रतिनिधित्व गर्ने र उनीहरूको

विश्वासलाई जित्ने गर्छन् भन्ने मान्यता ग्राम्सीले राखेका छन् । समाजमा हेजेमोनीको निर्माण बुद्धिजीवीले गर्छन् भन्ने मान्यता ग्राम्चीको रहेको छ ।  बुद्धिजीवीले कसरी काम गर्छन् भन्ने सन्दर्भको चर्चा पनि ग्राम्चीले गरेका छन् ।

इटालेली चिन्तक ग्राम्चीको ‘हेजेमोनी’ या ‘प्रभुत्व’सम्बन्धी मान्यताले सांस्कृतिक अध्ययनलाई निकै प्रभाव पारेको छ । प्रभुत्व कुनै पनि वर्गको राजनैतिक संस्कृति हो जसको उपयोग अर्को वर्गलाई सम्झाएर, बुझाएर उसको सहमति लिनाका लागि गरिन्छ । बेलायती सांस्कृतिक अध्ययनले सन् १९७० को दशकमा मूल विषय बनाएको यो धारणा पछिल्लो समयमा निकै लोकप्रिय देखिन्छ । ग्राम्चीले शासक वर्गले शासित वर्गमाथि कसरी आफ्नो नियन्त्रण कायम गर्दछन् भन्ने सन्दर्भमा उक्त अवधारणा अगाडि ल्याएका हुन् । यिनका दृष्टिमा शासक वर्गले हिंसा वा दबाबका आधारमा राज्यका सबै पक्ष वा विशेष गरी तल्लो वर्गलाई आफ्नो अधीनमा राख्न सक्दैन यसका लागि उसले सहमतिको आधार तयार पार्छ र सहमतिको आधार तयार पार्नका लागि उसले नागरिक समाजको प्रयोग गर्छ भन्ने ग्राम्चीको मान्यता रहेको छ । पुँजीवादी समाजमा बुद्धिजीवी, प्रेस, सञ्चार, रेडियो, टेलिभिजन, परिवार, शैक्षिक संस्था, स्कुल, कलेज, ट्रेड युनियन, चर्च, धार्मिक संस्था आदि नागरिक समाजअन्तर्गत पर्दछन् । यिनीहरूले समाजमा पुँजीपति वर्गको हितमा काम गर्छन् भन्ने मान्यता ग्राम्चीको मान्यता रहेको छ । जबसम्म पुँजीपति वर्गको समानान्तर रूपमा गरिब वर्गको हितका निम्ति समानान्तर हेजेमोनी तयार गरिँदैन तबसम्म समाज परिवर्तन हुन सक्दैन भन्ने मान्यता ग्राम्चीको छ ।

## कृति विश्लेषणको अवधारणात्मक ढाँचा

सांस्कृतिक प्रभुत्व राजनीतिक सत्तासम्बन्ध, विचारधारा, पहिचान तथा प्रतिरोधमा आधारित मान्यता हो । यसले साहित्यलाई समाजको प्रतिबिम्ब मान्छ र साहित्यमा उच्च वा सामन्त वर्गले निम्न वर्ग, जाति वा लिङ्गमाथि कसरी प्रभुत्व कायम गरेको छ ? भन्ने कुराको अध्ययन गर्दछ । प्रभुत्वशाली वर्गले शोषित वर्गमाथि सहमतीय आधारमा वा दबाबका आधारमा शासन गर्ने गर्छ तर शोषित वर्गले त्यो कुरा बुझ्दैन ।

कतिपय अवस्थामा भने शोषित वर्गले आफू शोषणमा वा अत्याचारमा परेको कुरा थाहा पाउँछ । जतिबेला निम्न वर्गले शोषित भएको कुरा थाहा पाउँछ त्यतिबेला प्रतिप्रभुत्वको अवस्था सिर्जना हुन सक्छ । प्रतिप्रभुत्वका लागि शोषित वर्गले पनि यस्तो हेजेमोनीको निर्माण गर्छ जुन प्रभुत्वशाली वर्गको हेजेमोनीको समानान्तर हुन्छ । प्रभुत्वशाली वर्गले आफ्नो वर्चस्व स्थापना गर्नाका लागि विभिन्न बुद्धिजीवी तथा नागरिक समाजको परिचालन गरेको हुन्छ भन्ने विचार ग्राम्चीको प्रभुत्वसम्बन्धी मान्यतामा रहेको छ । प्रस्तुत मान्यतालाई आधार बनाएर साहित्यमा चित्रित वर्ग, जाति र लिङ्गका आधारमा विश्लेषण गरेर देखाउन सकिने भएकाले प्रस्तुत अध्ययनमा वर्ग, लिङ्ग र जातिलाई आधार बनाएर निम्नानुसारको विश्लेषणको ढाँचा तयार पारिएको छ :

**वर्गीय प्रभुत्व**

कथामा वर्णन गरिएका निम्न, मध्यम र उच्च वर्गका व्यक्तिहरूबीचमा केकस्तो सम्बन्ध रहेको छ भन्ने कुराको अध्ययन प्रस्तुत शीर्षकमा गरिएको छ । उत्पादन प्रणाली र उत्पादन सम्बन्धका आधारमा वर्गीय सम्बन्ध सामन्तवादी, पुँजीवादी वा समाजवादी कस्तो रहेको छ भन्ने कुराको विश्लेषण यसमा हुन्छ (भट्टराई, २०७७ख, पृ. ३) । कथामा त्यस सम्बन्धलाई कसरी चित्रण गरिएको भन्ने कुराको विश्लेषण यस उपशीर्षकमा गरिएको छ । वर्गीय प्रभुत्व वर्गीय विषयसँग सम्बन्धित विषय हो । प्रभुत्वलाई वर्चस्व पनि भनिन्छ । यो उच्च वर्गीय वा निम्न वर्गीय वर्चस्वका रूपमा प्रकट हुन्छ (भट्टराई, २०७७ख, पृ. ४) । कथामा उच्च वर्गले आफ्नो हित तथा फाइदाका निम्ति अर्थात् उच्च वर्गीय वर्चस्व कायम गर्न सहमतीय वा दवावात्मक शैली अपनाउने गर्छ भने निम्न वर्गले कतै त्यसको प्रतिरोध गर्ने प्रयत्न गर्छ भने कतै प्रयत्न गर्दैन । विद्यमान उत्पादन प्रणालीको र सत्ताको रक्षा गर्ने काम उच्च वर्गले गर्ने र प्रगतिशील उत्पादन पद्धति स्थापना गर्न सत्ताको प्रतिस्थापना गर्ने क्रममा वर्चस्व प्रकट हुन्छ (भट्टराई, २०७७ख, पृ. ४) । प्रस्तुत शोधकार्यमा यसै अवधारणाका आधारमा भिक्षुका कथामा देखिएको वर्गीय प्रभुत्वको अध्ययन गरिएको छ ।

**लैङ्गिक प्रभुत्व**

समाजमा महिला, पुरुष र तेस्रो लिङ्गी रहेका हुन्छन् । वर्गको उत्पत्तिको कारण जसरी सामाजिक, आर्थिक र ऐतिहासिक हो, समाजमा देखिने लिङ्गगत भेदको कारण पनि यही हो (भट्टराई, २०७०, पृ. १२) । महिला र पुरुष बीच लैङ्गिक भिन्नता भएपनि यौनिकताका बीच भने सम्बन्ध रहेको हुन्छ । प्राकृतिक लिङ्ग व्यवस्थाका आधारमा महिला र पुरुष भिन्न छन् भने सामाजिक सांस्कृतिक सम्बन्धताका आधारमा परम्परागत लैङ्गिक सम्बन्धले पनि यिनको भूमिकालाई भिन्न बनाएको हुन्छ (भट्टराई, २०७७ख, पृ. ४) । कथामा प्रयोग भएका पात्रहरूको प्राकृतिक र सामाजिक-सांस्कृतिक सम्बन्ध कस्तो रहेको छ भन्ने कुराको विश्लेषण यसमा गरिन्छ । यसमा समाज र संस्कृति तथा त्यससँग पुरुष वा महिलाको सम्बन्धको अध्ययन पनि हुन्छ । समाजमा लिङ्गका कारण हुने सबै प्रकारका विभेदकारी चिन्तन र विचारधाराको विश्लेषण हुन्छ । कथामा पुरुष, महिला तथा तेस्रो लिङ्गी पात्रका रूपमा आएका हुन्छन् । कथामा आएका ती पात्रहरूमध्ये महिला शोषित र उत्पीडन हुने वा शोषक हुने तथा पुरुष शोषित र उत्पीडन हुने वा शोषक हुने परिस्थिति सिर्जना हुन्छ । कथामा पुरुष र महिलामध्ये कुनै एक पात्रको सामाजिक, आर्थिक, राजनैतिक तथा यौनिक सन्दर्भमा प्रभुत्व वा हैकमको अवस्था सिर्जना भएमा लैङ्गिक प्रभुत्व हुन्छ । भिक्षुका कथामा पुरुष वा महिलामध्ये कसको प्रभुत्व छ भन्ने कुराको विश्लेषण यसै अवधारणाका आधारमा गरिएको छ ।

**जातीय प्रभुत्व**

समाजमा विभिन्न जातिहरूको बसोबास हुन्छ । जातीय सम्बन्धका क्रममा सत्ता सम्बन्धले उत्पन्न गर्ने बेमेल, अन्याय अत्याचारका कारण उच्चता र निचता, प्रधानता र हीनता तथा तल्लो जात र माथिल्लो जातको अवस्था उत्पन्न गराएको छ (भट्टराई, २०७७ख,पृ. ७) । यसप्रकारको विभेदका कारण कथित उच्च जातीय प्रभुत्वका कारण उच्च जातिका मान्छेले निम्न जातिका मान्छेलाई सामाजिक, आर्थिक, राजनैतिक, मनोवैज्ञानिक रूपमा शोषण गरेको हुन्छ । कथामा वर्णन गरिएका जाति, जनजाति तथा विभिन्न जातिबीच

कस्तो प्रकारको सम्बन्ध रहेको छ भन्ने कुराको अध्ययन यसमा गरिएको छ । यसमा समाज र संस्कृति तथा त्यससँग जातजातिको सम्बन्धको पनि अध्ययन गरिन्छ । प्राकृतिक रूपमा जातीय व्यवस्था जीववैज्ञानिक र भौगालिक परिस्थितिको उपज भए पनि सामाजिक सांस्कृतिक आधारमा मानिस मानिसका बीचमा भिन्नता सिर्जना भई जातीय विभेद उत्पन्न भएको छ (भट्टराई, २०७७ख, पृ. ७) । जातीय विभेदका कारण विभिन्न जातिहरूको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक आदि क्षेत्रमा भिन्नता आई सामाजिक, सांस्कृतिक क्षेत्रमा विभेद सिर्जना हुन्छ । प्रस्तुत अध्ययनमा यसै अवधारणाका आधारमा भवानी भिक्षुका कथामा देखिने जातीय प्रभुत्वको अवस्था कसरी प्रस्तुत भएको छ भन्ने कुराको विश्लेषण गरिएको छ ।

**माधुरी नानी कथामा सांस्कृतिक प्रभुत्व**

संस्कृतिका विविध रूपहरूमध्ये साहित्य पनि एक हो । साहित्यमा समाजमा विद्यमान विभिन्न संस्कृतिहरूको अभिव्यक्ति हुन्छ । साहित्यलाई संस्कृतिको सिर्जनात्मक प्रतिरूप पनि मानिन्छ । सांस्कृतिक अध्ययन पछिल्लो चरणमा देखिएको साहित्य विश्लेषणको नवीनतम अध्ययन पद्धति हो । यो कुनै एक विषय र क्षेत्रसँग मात्र सम्बन्धित नभएर यसले विविध विषय क्षेत्रलाई समेटेको छ । यसले कृतिमा देखिने वर्गीय, लैङ्गिक तथा जातीय प्रभुत्वको पनि अध्ययन गर्दछ । समाजमा प्रभुत्व स्थापना गर्न आर्थिक, सामाजिक, राजनैतिक तथा अन्य विभिन्न रूपले सम्पन्न हुनुपर्छ अनि मात्र प्रभुत्व स्थापना गर्न सकिन्छ । फेरि एक पटक स्थापना भएको प्रभुत्व सधैंभरि एक नासको हुँदैन, त्यहाँ प्रतिप्रभुत्वको अवस्था आउन सक्छ । समाजमा प्रभुत्वशाली वर्गले निमुखा तथा असम्पन्न वर्गलाई सधै शोषण गरिहन्छन् । शोषण वर्गीय आधारमा मात्र नभएर लैङ्गिक तथा जातीय आधारमा पनि हुन्छ । यसमा कथा विश्लेषणका लागि वर्गीय, लैङ्गिक र जातीय प्रभुत्वलाई मुख्य आधारका रूपमा लिइएको छ । भिक्षुका कथामा वर्गीय, लैङ्गिक र जातीय असमानता र विभेद, दमन र शोषण वर्ग र वर्गकै केन्द्रीयतामा प्रस्तुत भएको पाइन्छ । यिनका कथामा वर्गगत समस्याको मूल आधार निम्न वर्ग हो । आर्थिक रूपमा कमजोर भएकै कारण महिला र तल्लो जाति तथा जनजातिका

मान्छेले सम्पन्न तथा उच्च वर्गीय प्रभुत्व खेप्नु परेको छ । यिनका कथामानिम्नवर्गका पुरुष र महिला तथा कथित तल्लो जातिका पुरुष र महिला कुनै न कुनै रूपमा शोषित भएको देखाइएको छ । यसरी भवानी भिक्षुका कथाको यस अध्ययनले तत्कालीन समाजको वर्गीय प्रश्न र समस्यालाई नै मुख्यरूपमा देखाएको छ । वर्गीय समस्या तत्कालीन समाजको मूल समस्याका रूपमा रहेको र त्यसैको सन्दर्भबाट लैङ्गिक तथा जातीय समस्या निम्तिएको कुरा यस अध्ययनले पुष्टि गरेको छ ।

**माधुरी नानी कथामा वर्गीय प्रभुत्व**

‘माधुरी नानी’ कथा भवानी भिक्षुद्वारा लेखिएको *मैयाँ साहेब*(२०१७) कथासङ्ग्रहमा सङ्कलित छ । यस कथामा राणा शासनकालमा राणा दरवारमा सुसारेका रूपमा रहेकी माधुरी नानीको जीवनको उतारचढावको चित्रण गरिएको छ ।

सानै उमेरदेखि नै दरबारमा सुसारेका रूपमा बसेकी माधुरी नानी आकर्षक अनुहार भएकी, साह्रै सुन्दरी थिई । उसलाई देखेर दरवारका कर्मचारी सुब्बा, खरदार मात्र नभएर जोकोही पनि लोभिन्थे । उसको रूपमात्र सुन्दर नभएर काम गर्ने शैली पनि राम्रो थियो । दरवारका सामान राम्रो तरिकाले मिलाउनुमा उसको प्रसिद्धि थियो । कुनै वस्तु, कुनै कुना पनि हेर्ने बित्तिकै त्यसमा माधुरी नानीको स्पर्श थियो भन्ने कुरा सोझै अनुमान गर्न सकिन्थ्यो । उसको कुरा राणाहरूले समेत हत्तपत्त काट्दैन्थे । उसले दरवारमा काम गरेको लगभग १० वर्षपछि देशमा प्रजातन्त्र आउँछ । त्यसपछि राणाहरूको आम्दानी कम हुँदै जान्छ र उनीहरूको प्रभुत्व पनि घट्छ । फलस्वरूप कर्मचारी तथा सुसारेमा कटौती हुन्छ । माधुरी नानीलाई दरवारबाट हटाउने कुरा हुँदा उसले दरवारको वाध्यता बुझेर आफै हट्ने कुरा गर्छे । दरवारका कर्मचारीलाई सामान जचाइँ मालिकलाई ढोग गरी घर फर्कदा उसको आँखामा आँशु देखिन्छ । उसलाई दरवार छोड्न अफ्ठ्यारो भएको सबैले महसुस गर्छन् तर पनि उसलाई कसैले राख्न सक्दैनन् र पछि ऊ घर जान्छे । उसलाई घर बस्न गाह्रो हुँदै जान्छ । उसका बुबा, आमा, दाजुभाइले पनि पहिलेको जस्तो व्यवहार देखाउन छोड्छन् । उसलाई कसैसँग

विवाह गरी बस्न मन लाग्छ तर दरवारमा रहँदा उसले त्यसका बारेमा नसोचेकोमा पश्चाताप हुन्छ । उसले दरवारबाट बचाएर ल्याएको किरिम, पाउडर, बसाउने साबुन पनि सकिँदै जान्छ । बिस्तारै उसमा दरवारमा बस्ने चाहना बढ्दै जान्छ । कुनै दिन ऊ दरबार जान्छे । दरवारका सुसारे तथा अन्यले मालिकलाई बिन्ती चढाएर भए पनि माधुरीलाई दरवारमै राख्नु पर्छ भन्ने कुरा पर्छन् । उसले पनि आफू दरवारमा बस्न पाए केही नचाहिने, मरेपछि वाग्मतीमा पुऱ्याए हुने कुरा गर्छे । साँझपख मालिक्नीले माधुरी नानीलाई राजाको दर्शन गर्न लिएर जान्छिन् । अब दरवारमै बस्न पाइन्छ भन्ने ढुक्क भएकी माधुरीलाई राजाले कहिलेकाहीँ आउँदै गर्नु, कसैले छोडे भने राखुला भन्ने आस्वासन दिन्छन् । त्यसपछि ऊ मेरा लागि कतै खाली ठाउँ छैन भन्ने चिन्तामा पर्छे । घरमा पुगी खाना समेत नखाई ओछ्यानमा पुगेर यहाँ पनि आफ्नो लागि खाली ठाउँ छ कि छैन भनेर छाम्न थाल्छे  र कथा टुङ्गिन्छ ।

'माधुरी नानी' कथामा वि.सं २००७ सालमा प्रजातन्त्र आइसकेपछि त्यसले सर्वसाधरण जनताको आर्थिक अवस्थामा परेको प्रभाव र त्यसले निम्त्याएको समस्यालाई विषय बनाइएको छ । यसले त्यतिबेलाको नेपाली समाजको आर्थिक सम्बन्धलाई प्रस्तुत गरेको छ । असमान आर्थिक सम्बन्धका कारण त्यसले समाजमा शोषक र शाषित वर्गका बीच देखा पर्ने असमानता तथा  सामाजिक-सांस्कृतिक सम्बन्धमा पार्ने प्रभावको समेत उद्घाटन गर्दै कथाले नेपाली समाजमा देखिएको वर्गीय असमानता र विभेदको चित्र उतारेको छ ।

वर्गीय सम्बन्ध मूलतः आर्थिक सम्बन्ध हो र यसमा उत्पादनका साधनका स्वामित्वका सन्दर्भमा वर्गहरूका बीच कस्तो सम्बन्ध छ र वर्गहरूको पारस्परिक निर्भरता कस्तो छ तथा उत्पादन, वितरण, विनिमय र उपभोग प्रक्रियामा कस्तो सम्बन्ध छ भन्ने कुराको विश्लेषण गरिन्छ । कथामा माधुरी नानीको परिवार छ र त्यस परिवारको आर्थिक अवस्था निम्न छ । उनीहरूको उत्पादनका साधनहरूमा पहुँच नभएको हुनाले माधुरी नानी काम गर्नाका लागि सानैमा राजा साहेबको घरमा जान्छे । राजा साहेब राणा राणाशासन कालमा प्रशस्त आएस्रोत भएको व्यक्ति हुन्छ । भान्सामा काम गर्ने नोकरचाकरदेखि लिएर थुप्रै नोकरचाकर र सुसारेहरू

समेतलाई कजाएर बसेको राजाको अवस्था प्रजातन्त्र आइसकेपछि नाजुक हुँदै जान्छ । 'यसमा जहानियाँ राणाशासनको राजनैतिक पतनको परिणामी प्रतिच्छाया (खासगरी आर्थिक परिप्रेक्षमा) देख्न पाइन्छ' (त्रिपाठी, २०४९, पृ. ४००) । पछि आर्थिक अवस्थाले नधानेर नोकरचाकर निकाल्ने अवस्थामा पुग्छ । यस कथाको वर्गीय सम्बन्ध आर्थिक मात्र नभएर सामाजिक सांस्कृतिक पनि रहेको छ । माधुरी नानीले दरवारमा रहँदा केवल श्रम मात्र खर्च गर्नु परेको छैन, राजा साहेबलाई शरीर पनि सुम्पनु परेको छ । आर्थिक सहयोग या नोकरी दिने निहुँमा तत्कालीन राणाहरूले गरिवहरूलाई सामाजिक, सांस्कृतिक तथा आर्थिक रूपमा कसरी शोषण गर्थे भन्ने कुराको उद्घाटन प्रस्तुत कथामा गरिएको छ भने गरिवहरू चाहिँ उनीहरूको घरमा काम गर्नु कुनै शोषण नभएर उनीहरूको अधिकार हो भन्ने मान्दथे भन्ने कुरालाई प्रस्तुत कथामा देखाइएको छ । पुँजीवादी समाजमा गरिबहरूले मालिकको घरमा काम गर्नुलाई आफ्नो शोषण भएको मान्दैनन् भन्ने ग्राम्चीको हेजेमोनीसम्बन्धी मान्यता यस कथामा आएको छ ।

कृतिमा प्रभुत्वको पहिचान गर्ने एउटा आधार वर्ग हो । आर्थिक अवस्थाका आधारमा समाज उच्च र निम्न गरी दुई वर्गमा विभाजित छ । माधुरी नानी निम्न वर्गीय पात्र हो । '२००७ सालको क्रान्ति र यसका निकटतम् पूर्वापर समयका युगीन राजनैतिक सन्दर्भका साथै आर्थिक सङ्कटको अवस्थाको अभिव्यक्ति पनि यसमा गरिएको छ' (त्रिपाठी, २०४९, पृ. ४००) । वि.सं २००७ सालमा प्रजातन्त्र आउनुभन्दा अगाडिको राणाकालीन परिवेश र प्रजातन्त्र आइसकेपछि नेपाली समाजमा देखिएको आर्थिक असमानताको तस्बिर प्रस्तुत कथामा खिचिएको छ । यस कथामा आएका राजा र रानी काठमाडौमा घर भएका तथा प्रशस्त नोकरचाकर कजाउने सम्पन्न व्यक्ति हुन् भने राजाको दरवारमा काम गर्ने कर्मचारीहरू, सुब्बा, सरदार, मुखिया, माधुरीका बाबु, काका र दाजुले असम्पन्न व्यक्तिको प्रतिनिधित्व गरेका छन् । यस कथाकी प्रमुख पात्र भने माधुरी नानी नै हो ।ऊ आर्थिक अवस्था कमजोर भएका कारण काम गर्नाका लागि सानैदेखि दरवारमा गएकी हो । उसले पठाएको रकमबाट उसको घरको अवस्था केही सुध्रिएको छ । उसले दरवारमा राजा र रानीलाई अनेक

कुराबाट सुख दिएकी छे । राजाले माधुरी नानीजस्ता अनेक व्यक्तिलाई शोषण गरेर आफ्नो प्रभुत्व कायम गरेको छ । कुनै पनि व्यक्तिले प्रभुत्व कायम गर्न आर्थिक, सामाजिक तथा राजनैतिक रूपमा सबल हुनुपर्छ । प्रस्तुत कथाको राजा पनि यी सबै कुरामा सक्षम छ भन्ने कुरालाई तलको साक्ष्यले स्पष्ट पार्छ :

> माधुरी नानीको सऱ्हनी सबैभन्दा बढ्ता केमा हुन आएको थियो भने, दर्बारका विभिन्न विलास वस्तु, थरिथरिका मालसामान, दामी राम्रा भाँडाकुँडा, ओछ्यान-पलङ इत्यादिमा आफैले उपभोग नगरे पनि खाली उठाउन, राख्न, सजाउन, मिलाउनमा उनको एउटा आसक्ति रहेको थियो । दर्बारका बच्चाहरू, कुमार कुमारी, किशोर, तरुणी, सारालाई गुलाफका फूलदानजस्तो सजाई मनोरम, लोभलाग्दो र सुन्दर पारिदिने काम पनि सजिनेहरूको होइन कि माधुरी नानीको आफ्नै रमिता, आनन्द वा शोख थियो (पृ.१०९) ।

प्रस्तुत साक्ष्यमा दरवारमा अनेक किसिमका विलासिताका वस्तु, थरिथरीका भाँडाकुँडा तथा राजाका परिवारको जीवनशैली हेर्दा उनीहरूको आर्थिक अवस्था सशक्त छ भन्ने कुरा स्पष्ट हुन्छ । त्यतिमात्र होइन, उसको दरवारमा प्रशस्त मात्रामा काम गर्ने कर्मचारी तथा नोकर, चाकर छन् । माधुरी नानी भन्छे : 'सुब्बा बाजे (बाहुन नभई बढी उमेर भएको बाजे) कहाँ जानुभयो ? मुखिया, खर्दार कता पुगे ? छिः यहाँ यस्तो परिरहेछ, कति कति थोक तयार पारिदिन हिजै मर्जी भएको, केही छैन, लौ त अब कसरी मिलाउने ?' ( पृ.१०८) । यस साक्ष्यले पनि राजाको आर्थिक, सांस्कृतिक पक्षलाई नै उजागर गरेको छ । यस प्रकारको सम्पन्न व्यक्ति भएपनि उसले तल्लो वर्गप्रति गर्ने व्यवहार भने हैकमवादी नै छ । केही कुरा बोल्दा होस् या कुनै व्यवहार गर्दा होस् राजाले उनीहरूलाई दबाएकै हुन्छ । यस कुरालाई प्रस्तुत साक्ष्यले स्पष्ट पारेको छ : 'दर्बारका प्रत्येक कोठाबाट साँझ बिहान अक्सर गरी सुन्न पाउन सकिन्थ्यो- 'यो यसरी के गरी मिलाएको, कस्तरी बिगारेको, फोहोर...खै माधुरी कहाँ छे हँ ? गोरुहरूले गरेर साध्य छ र !' (पृ. १०९) । प्रस्तुत साक्ष्यमा उच्च वा प्रभुत्वशाली वर्गले आफ्नो शक्तिको आडमा निम्न वर्गलाई गोरु भनी ज्ञानको निर्माण गरेका छन् ।

आफूभन्दा निम्न वर्गलाई होच्याएर बोल्नु उनीहरूको संस्कृति नै बनेको छ र यहाँ त्यसको प्रतिवाद कसैले गरेका छैनन् । यस सम्बन्धमा ग्राम्ची के भन्छन् भने समाजमा बुद्धिजीवी वर्गले यस्तो ज्ञानको निर्माण गर्छन् कि गरिबले आफू शोषित हुनु हामीले पहिल्यैदेखि ल्याएको कर्म हो । उनीहरूसँग प्रतिवाद गर्ने विषयमा गरिबहरू सोच्दै सोच्दैनन् । यहाँ पनि त्यही भएको छ । त्यसैगरी प्रभुत्वशाली वर्गले निम्नवर्गका व्यक्तिलाई स्पष्ट कुरा नगरेर आशाको त्यान्द्रोमा झुण्डाइ राख्छन् भन्ने कुरा राजा साहेबले माधुरी नानीलाई दिएको आश्वासले स्पष्ट पार्छ । समाख्याता भन्छन् :

'अनि एकछिन चुप रही दुई एक सर्को तानेर मर्जी भयो–जान थालिस् भने चाँडै जानुपर्छ, घर टाढै छ, पहिलेको जमाना होइन, बाटैमा लाछलुछ पारिरहेछन्, रात पर्नुभन्दा अगावै घरमा पुगिसक्नुपर्छ है, अब कहिले आउँछेस् त ? आउँदै गरेस्, यस्सो दुई एकजनाले छोडेर गए बस्न पाइहाल्छेस् नि ! अनि आँखाको सानले बिदा दिइबक्सियो' (पृ.११९) ।

राजाले चाहेको भए एकदुई जनालाई निकालेर भएपनि माधुरीलाई राख्न सक्ने थिए तर उनले त्यसो गरेनन् । केवल आश्वासन मात्र दिए । यसबाट के स्पष्ट हुन्छ भने 'माधुरी नानी' कथामा राजाले घरमा काम गर्ने गरिबवर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा शोषण गरेको छ र उनीहरूलाई विभिन्न किसिमले आस्वासन दिएर आफूले गरेको ठीक छ भन्ने कुरा उनीहरूको मष्तिस्कमा भरेको छ । ग्राम्सीले यसैलाई प्रभुत्व भन्छन् । यसरी 'रानीसाहेब' कथामा राजा साहेबको प्रभुत्व वा हैकमवादी प्रवृत्तिका अगाडि कोही पनि बोल्न नसकेको र उसको हुकुमचलेको हुनाले वर्गीय दृष्टिले राजा साहेब प्रभुत्वशाली पात्र हो ।

**माधुरी नानी कथामा लैङ्गिक प्रभुत्व**

प्रभुत्व कायम गर्ने आधार लैङ्गिकता पनि हो । पितृसत्तात्मक सामाजिक संरचनाले युक्त समाजमा पुरुषले नारीलाई नारी भएकै कारणले सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा शोषण गरेको हुन्छ । लिङ्गीय सम्बन्धका दृष्टिले 'माधुरी नानी' कथाको पहिलो सम्बन्ध पारिवारिक छ ।  माधुरी नानी, उसको बुवा, उसको

दाइ र काका तथा राजा र रानी रहेका छन् । माधुरी नानी, उसको बाबु, काका र दाइ बीच पारिवारिक सम्बन्ध रहेको छ । त्यसैगरी राजा र रानी लोग्ने स्वास्नी हुन् । आर्थिक दृष्टिले राजारानी सम्पन्न छन् भने माधुरी नानी र उसको परिवारको अवस्था निम्न वर्गीय छ । यस कथाको लिङ्गीय सम्बन्धको अर्को पक्ष सामाजिक-सांस्कृतिक सम्बन्ध हो । कथाकी मुख्य पात्र माधुरी नानी आर्थिक स्थिति कमजोर भएका कारणले काम गर्नाका लागि राजाको दरवारमा जानु परेको छ । दरवारमा उसले केवल श्रम मात्र बेच्नुपरेको छैन, राजा साहेबलाई आफ्नो शरीर पनि सुम्पनु परेको छ । यस दृष्टिले राजाको लिङ्गीय सम्बन्ध उत्पीडनकारी छ । ऊ घरको,  सत्ताको मालिक हो र उसले माधुरी नानीप्रति पुरुषको प्रभुत्वशाली व्यवहार प्रदर्शन गर्छ । त्यतिमात्र होइन, दरवारका अन्य नोकरचाकरलाई गोरु पनि भन्छ । २००७ सालमा प्रजातन्त्र आइसकेपछि राजा साहेबको सेवासुविधामा कटौती हुन्छ र त्यहीं निहुँमा माधुरी नानीको नोकरी पनि जान्छ । राजाले चाहेको भए आफ्नो दरवारमा उसलाई राख्न सक्थे तर राख्दैनन् । अतः राजाको इच्छामा माधुरी नानीको भविष्य जोडिएको छ । यसरी असमान लैङ्गिक सम्बन्धका कारण जन्मने लैङ्गिक विभेदलाई कथाकारले पुरुष र महिलाका बीचको लिङ्गीय सम्बन्धका दृष्टिले प्रस्तुत गरेका छन् ।

'माधुरी नानी' कथामा प्रथमतः माधुरी नानी नारी भएकै कारणले सानैमा आफ्नै घरबाट शोषित हुनुपरेको छ । सुधा त्रिपाठी भन्छिन्: "यो माधुरी नानीको बैंस र राणा खानदानको सौभाग्य एकैचोटी ओह्रालो लागेको तथा दरवारमै बैंस रित्याएर बाहिर निस्केपछि सबैतिरबाट उपेक्षित माधुरी नानीको मनस्तापको कथा पनि हो (२०४९, पृ. १४२)" । त्रिपाठीको प्रस्तुत अध्ययनले यसमा नारीको उपेक्षा तथा पुरुषको प्रभुत्व कसरी प्रकट भएको छ भन्ने कुरा स्पष्ट हुन्छ । माधुरी नानी कथामा माधुरीका बाबुले नै उसमाथि विभेद गरेका छन्, परिणामतः ऊ दरवारमा जानु परेको छ । समाख्याता भन्छन् : 'बरु, राम्री छोरीलाई चाकरीमा लगाई रिझाएर बढ्ता मान, पावर हत्याउने लोभ नै हो कि यस्तरी आफ्नी घरकी शोभासुषमालाई अर्काकहाँ पठाउन सकिएको भन्ने कुरा पनि अनुमानमा आफआफै नआई नछोड्ने !' (पृ.१०८) । प्रस्तुत साक्ष्यबाट माधुरी

नानीको बाबुले आफ्नै छोरीलाई दरवारमा पठाएको देखिन्छ । यसका पछाडिको कारण राजाको चाकरी गरेर आफूमा पावर हत्याउने लोभ नै हो । यसो गर्दा आफूले छोरीप्रति अन्याय गरेको भन्ने कुरा उसलाई लाग्दैन, बरु राजा साहेबको सेवा गर्नु आफ्नो कर्तव्य सम्झन्छ । परिणामतः माधुरी नानीले दरवारमा राजाबाट यौनिक शोषण पनि भोग्नु परेको छ । यस कुरालाई तलको साध्यले स्पष्ट पारेको छ :

> फेरि दरवारका नव युवक, राम्रा र वाफिला जम्मै उसका मालिकबाहेक लोग्ने पनि त थिएनन् । अनि खाली हरबखतका नजिक सहबासले नै तुष्ट रहेर अस्वाभाविक मिथ्या मात्र सँगाली किन बसियो, आजको यो उद्वेग, यो आवश्यकता, यो अनिवार्यताले उसै बखत किन जोर लगाएनन्, विवश तुल्याइदिएनन् भन्ने कुराहरूको निरन्तर पश्चातापले पनि उसलाई खान थाल्यो (पृ.११६) ।

यस कथाकी प्रमुख पात्र माधुरी नानीलाई उमेरमा विवाह नगरी मालिकसँग सहवास गरेर बस्नुपरेको छ । उसले यौवनमा विवाह नगरेर मालिकसँग सहवास गरेर बसेकोमा पश्चतापमा पर्नु परेको छ तर राजाले माधुरी नानीको इच्छा विपरीत उसलाई दरवारबाट निकालेको छ । माधुरी नानीलाई निकालेकोमा राजा साहेबलाई केही पनि पश्चाताप छैन । बरु उसले झुठा आश्वासन बाँडेर पछि सम्पर्क गर्ने आश्वासन दिन्छ । अर्कातिर उसका घरका मान्छेलेमाधुरी नानीले कमाउँदासम्म हाइहाई गर्छन्, जब दरवारबाट उसको जागिर फुस्किन्छ त्यसपछि उसले घरबाट पहिलाको जस्तो सम्मान तथा व्यवहार पाउँदिन ।

यसरी'माधुरी नानी' कथामा माधुरी नारी भएकै कारणले शोषित हुनु परेको र राजा साहेबको हातमा शक्ति भएका कारणले माधुरी नानीलाई यौनिक, आर्थिक र सांस्कृतिक रूपमा शोषण गरेकाले यसमा लैङ्गिक दृष्टिले पुरुषको प्रभुत्व देखिन्छ ।

**माधुरी नानी कथामा जातीय प्रभुत्व**

जातीय दृष्टिले 'माधुरी नानी' कथामा आएका पात्रहरू छुट्टिदैनन् । यस कथाकी मुख्य पात्र माधुरी नानी हो । जातीय हिसाबले उसको पहिचान कथामा नछुट्टिए तापनि उसले दरवारमा भित्री कोठा सफा गर्ने,

भान्साको काम गर्ने अवसर प्राप्त गरेकी छे । तत्कालीन दरवारमा विशेषतः ब्रह्मण कुलका नारी वा पुरुषलाई भान्से बनाएर राख्ने चलन भएको र यस कथामा माधुरी नानीले सोही काम गरेको हुनाले ऊ उच्च जातकी हो भन्ने कुरा अनुमान गर्न सकिन्छ । त्यसै गरी रानी साहेब र राजा साहेब राणा खानदानका मानिस हुन् । काठमाडौं उपत्यकामा ठूलो दरवार, प्रशस्त नोकर चाकर तथा तिनीहरूको रवाफले पनि उक्त कुरालाई स्पष्ट पार्छ । यहाँ उनीहरूलाई उच्च संस्कृतिको सम्प्रदायका जातिको प्रतिनिधित्व गराइएको छ । यस कथामा आएका माधुरी नानीका परिवारका अन्य सदस्यहरूको र दरवारमा काम गर्ने कारिन्दा, सुब्बा तथा अन्य नोकरचाकरको खासै केही पनि भूमिका नभएको र स्वयं माधुरी नानी र राजारानी बीच जातीय सन्दर्भका कुनै पनि घटना विकशित छैन । तर पनि जातीय हिसाबले राजासाहेबभन्दा माधुरी नानी कथित उच्च जातकी भए पनि ऊ नै शोषित हुनु परेको छ । यस सम्बन्धमा ग्राम्ची के भन्छन् भने कुनै पनि रूपमा प्रभुत्व कायम गर्नाका लागि प्रथमतः आर्थिक अवस्था सुदृढ हुनुपर्छ अनि मात्र व्यक्तिले समाजमा हैकम चलाउन सक्छ । यसबाट के स्पष्ट हुन्छ भने तत्कालीन समयमा शोषणको प्रसङ्गमा जातीय हिसाबले कथित उच्च जातको हुँदैमा प्रभुत्व हासिल हुदैनथ्यो बरु त्यसलाई पनि वर्गीय संस्कृतिले नै प्रभाव पार्थ्यो । यस कथामा राजा साहेबले माधुरी नानीलाई शोषण गर्नुका पछि मुख्य कारण आर्थिक नै हो ।

## निष्कर्ष

'माधुरी नानी' कथामा राणाकालीन समयमा प्रशस्त आएस्रोत भएको राजा साहेबले कमजोर आर्थिक अवस्था भएकी माधुरी नानीलाई यौनिक तथा आर्थिक रूपमा शोषण गरेको छ । माधुरी नानीले आफू शोषित हुँदा पनि कुनै प्रबाह नगरेको बरु जीवनभर दरवारमा बसेर त्यहीं मर्न चाहना गरेको विषयको प्रस्तुति यस कथामा छ । यसरी प्रस्तुत कथामा आर्थिक तथा उच्च वर्गीय संस्कृति भएको राजा साहेबले प्रभुत्व कायम गर्न सफल भएको देखाइएको छ । त्यसैगरी यस कथामा राणाकालीन समयमा प्रशस्त आएस्रोत भएको राजा साहेबले कमजोर आर्थिक अवस्था भएकी माधुरी नानीलाई यौनिक तथा आर्थिक रूपमा शोषण गरेको छ ।

माधुरी नानीले आफू शोषित हुँदा पनि कुनै प्रबाह नगरेको बरु जीवनभर दरवारमा बस्न चाहना गरेको विषयवस्तु यसमा छ। यसमा उसले आफू शोषित भएको महसुस गरेकी छैन बरू आफूलाई कजाउनु उनीहरूको अधिकार हो भन्नेजस्तो व्यवहार गरेकी छे। यसरी प्रस्तुत कथामा लैङ्गिक दृष्टिले महिलाको अधीनस्थताका कारण पुरुषको वर्चस्व कायम भएको छ। जातीय दृष्टिले माधुरी नानी उच्च जातकी भए पनि आर्थिक समस्याका कारण कथित निम्न जातिका महिलाले जस्तो प्रताडना सहनु परेको छ।

भिक्षुको 'माधुरी नानी' कथामा वर्गीय, लैङ्गिक र जातीय असमानता र विभेद, दमन र शोषण वर्ग र वर्गकै केन्द्रीयतामा प्रस्तुत भएको पाइन्छ। यिनका कथामा वर्गगत समस्याको मूल आधार निम्न वर्ग हो। आर्थिक रूपमा कमजोर भएकै कारण महिला र तल्लो जाति तथा जनजातिका मान्छेले सम्पन्न तथा उच्च वर्गीय प्रभुत्व खेप्नु परेको छ। यिनका कथामा निम्नवर्गका पुरुष र महिला तथा कथित तल्लो जातिका पुरुष र महिला कुनै न कुनै रूपमा शोषित भएको देखाइएको छ। यसरी भवानी भिक्षुका कथाको यस अध्ययनले तत्कालीन समाजको वर्गीय प्रश्न र समस्यालाई नै मुख्यरूपमा देखाएको छ। वर्गीय समस्या तत्कालीन समाजको मूल समस्याका रूपमा रहेको र त्यसैको सन्दर्भबाट लैङ्गिक तथा जातीय समस्या निम्तिएको कुरा यस अध्ययनले पुष्टि गरेको छ।

## सन्दर्भसामग्री सूची


गाबा, ओमप्रकाश (सन् २०१९). *पाश्चात्य राजनीति–विचारक* . दिल्ली : नेशनल पेपरबैक्स ।

ग्राम्ची, एन्टोनियो (२०७२). 'बुद्धिजीवीको निर्माण'. अनु. पुष्पराज आचार्य. *मार्क्सवादी साहित्य सिद्धान्तका प्रतिनिधिमूलक विचारहरू.* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गिरी, अमर (२०७४). *भूमण्डलीकरण र साहित्य.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स ।

गौतम, कृष्ण (२०७५). *मार्क्सवाददेखि उत्तर मार्क्सवादसम्म.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स ।

त्रिपाठी, वासुदेव (२०४९). 'भवानी भिक्षुको समष्टि कथायात्रा : एक रेखाङ्कन' *उन्नयन.* अङ्क १०, पृ.३४६–४५३।

त्रिपाठी, सुधा (२०४९). ' कथाकार भवानी भिक्षु र उनका नारीपात्र' *उन्नयन.* अङ्क १०, पृ. १३८–१५० ।

दोषी, एस.एल.(सन् २०१०). *आधुनिकता, उत्तर आधुनिकता एवं नवसमाजशास्त्रीय सिद्धान्त.* जयपुर : रावत पब्लिकेशन्स ।

दोषी, शम्भूलाल र प्रकाशचन्द्र जैन (सन् २०१८). *प्रमुख समाजशास्त्रीय विचारक* (दोस्रो सस्क.). जयपुर : रावत पब्लिकेशन्स ।

पाण्डेय, ताराकान्त (२०७०). 'संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद'. *भृकुटी.* भाग १९, असार, पृ. १७२-१९३।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सबाल्टर्न अध्ययन.* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेश (२०७०). 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू'. *भृकुटी.* भाग १९, असार, पृ. ३३४-३६५।

भट्टराई, रमेश (२०७७क). *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेश (२०७७ख). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक विश्लेषण.* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

भिक्षु,भवानी (२०१७).*मैयाँसाहेब.* काठमाडौ : नेपाल एकेडेमी ।

भुसाल, राजु (२०७७).*भवानी भिक्षुका कथामा सांस्कृतिक प्रभुत्व.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

सिंह, भोलाप्रसाद र सिंह, रविशंकरप्रसाद (सन् २०१६). *उत्तरआधुनिकतावाद. जयपुर* : रावत पब्लिकेशन्स ।